अनधिकृत होर्डिङ बोर्ड हटाउन सुरु

वीरगन्ज (रासस)- वीरगन्ज महानगरपालिकाले अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड', ब्यानर तथा प्रचार सामग्री हटाउन सुरु गरेको छ। महानगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण, सडक तथा विद्युत् संरचनाको व्यवस्थापन र सहरको सौन्दर्य कायम गर्ने उद्देश्यअनुरुप सार्वजनिक विद्युत्का खम्बा तथा सार्वजनिक स्थानमा नियमविपरीत राखिएका अनधिकृत होर्डिङ बोर्ड, ब्यानर तथा प्रचार सामग्री हटाउन सुरु गरेको हो।

महानगरपालिकाले सार्वजनिक पोल तथा स्थानमा विज्ञापन सामग्री राख्नुअघि महानगरपालिकाबाट आवश्यक अनुमति लिन आग्रह गर्दै वीरगन्जका विभिन्न चोक तथा सडकका विद्युत् खम्बामा जथाभावी टाँगिएका निजी क्लिनिक, चिकित्सक तथा विभिन्न व्यवसायका प्रचार सामग्री हटाउने कामको थालनी गरिएको महानगरका हरियाली संयोजक प्रकाश खेतानले जानकारी दिए।

महानगरपालिकाले सञ्चालन गरेको अभियानअन्तर्गत वीरगञ्जका मुख्य सडक, चोक तथा विद्युत्का खम्बामा अनुमति नलिई राखिएका प्रचार सामग्री हटाउने कार्य तीव्र पारिएको उनको भनाइ छ। उनले भने,'महानगरलाई स्वच्छ, सुन्दर र व्यवस्थित बनाउने दायित्व हामी सबैको हो, त्यसैले सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेर सहरी सौन्दर्य बिगार्ने र अनुमतिविना विज्ञापन राख्ने छुट कसैलाई छैन।'

महानगरपालिकाले कुनै पनि अनुमति नलिई सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, ब्यानर तथा अन्य प्रचार सामग्री नराख्नसमेत सम्बन्धित व्यक्ति तथा संस्थालाई अनुरोध गरेको छ। अहिले सडक डिभिजन कार्यालय हेटौँडाले वीरगन्जको मुख्य सडकलाई आगामी दसैँअघि पूर्ण रूपमा सफा र व्यवस्थित बनाइने उद्देश्यअनुरुप त्रिभुवन राजपथअन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार गर्ने उद्देश्यअनुसार घरहरु भत्काउने काम सम्पन्न गरेको छ।

नेपाल बैंकका तत्कालीन अध्यक्ष अधिकारी दोषी ठहर

काठमाडौं (कास)- कर्जा प्रवाहका क्रममा व्यवसायीहरूसँग ७४ लाख रुपैयाँ घुस लिएको अभियोग लागेका नेपाल बैंक लिमिटेड सञ्चालक समितिका तत्कालीन अध्यक्ष डा.चन्द्रबहादुर अधिकारीलाई विशेष अदालतले दोषी ठहर गरेको छ। विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले सोमबार फैसला सुनाउँदै उनलाई दोषी ठहर गरेको हो।

तीन व्यवसायीसँग घुस लिएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८२ को जेठमा अधिकारीलगायतका विरुद्ध ६ वटा छुट्टाछुट्टै मुद्दा दायर गरेको थियो।

गैर बैंकिङ्ग अचल सम्पति शिलबन्दी लिलाम बिक्री सम्बन्धी पुन: सात दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको गैर बैंकिङ अचल सम्पत्ति जहाँ जे अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा एकमुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बरको गोप्य शिलबन्दी बोलपत्र लिलामद्वारा बिक्री गरिने हुँदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी, फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। विभिन्न मितिमा ७ दिने गैर बैंकिङ अचल सम्पत्तिको रुपमा रहेको घरजग्गाहरु शिलबन्दी लिलाम बिक्री सम्बन्धी सूचना प्रकाशित गर्दा समेत बिक्री नभएकोले निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको केन्द्रिय कार्यालय विरगंज म.न.पा. वडा नं. ६, गितामन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आह्वान गरिन्छ।

तपसिल

जग्गा रहेको स्थान	कित्ता नं.	क्षेत्रफल	जग्गा रहेको स्थान	कित्ता नं.	क्षेत्रफल
पर्सा, वीरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११)	८८	४०२.००	हरिपुर वडा नं. १ (क), सर्लाही	४८०	०-५-११
			हरिपुर वडा नं. १ (क), सर्लाही	४८१	०-५-१०
रामगढवा ३, पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४)	११७	१०१.५८	हरिपुर वडा नं. ६ (क), सर्लाही	१९९	०-८-०
			लिपनिबिर्ता वडा न. ६, पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २१)	५५	८८.७५
रामगढवा ३, पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४)	११८	२२८.०३	फाखेल वडा नं. १, मकवानपुर	३७	१-५-०-०
रामगढवा ३, पर्सा (हाल वीरगंज म.न.पा. वडा नं. २४)	२९०	७३०.००	बनकटवा ५, पर्सा	२२७	०-८-१०-०
			बनकटवा ५, पर्सा	२२१	०-६-१०-०
प्रसौनि बिर्ता २, पर्सा	२५२	००३३८.६३	बनकटवा ५, पर्सा	६९	०-४-६-८
प्रसौनि बिर्ता ४, पर्सा	६९	०१३५.३०	बनकटवा ५, पर्सा	१११	०-०-९-१२.५
	७१	००३४.००	बनकटवा ५, पर्सा	१०८	०-१-१७-८
प्रसौनि बिर्ता ७, पर्सा	२८९	००९६.५०	पोखरिया वडा नं. ९, पर्सा	९३	१२७०
हरिवन वडा नं. ८ (ख), सर्लाही	१५४२	०-०-१०	बसन्तपुर वडा नं. ६, पर्सा	२३६	०-०-७-४
हरिवन वडा नं. ८ (ख), सर्लाही	१२३४	०-४-११-१/४	बसन्तपुर वडा नं. ६, पर्सा	४८९	०-२-०
हरिवन वडा नं. ८ (ख), सर्लाही	१०९७	०-९-२५	बसन्तपुर वडा नं. ७, पर्सा	२११	०-४-०-०
हरिवन वडा नं. ८ (ख), सर्लाही	१२३३	०-४-११.२५	बसन्तपुर वडा नं. ७, पर्सा	६२६	०-२-२-८
हरिवन वडा नं. ८ (क), सर्लाही	१०	०-१९-५	मधुवाप्रसौनी १, पर्सा	३२	२१२०.००
हरिपुर वडा नं. ७ (ख), सर्लाही	६४४	०-१-७	धोरे २, पर्सा	८१	०-१-२-८
हरिपुर वडा नं. ७ (ख), सर्लाही	६४३	०-१-०		११६	०-०-१०-०
हरिपुर वडा नं. ७ (ख), सर्लाही	९३७	०-१-३		११८	०-०-५-०
हरिपुर वडा नं. १ (क), सर्लाही	२८०	०-११-८		१५०	०-०-७-८

शिलबन्दी लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, बी.म.न.पा. वडा नं. ६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउँसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय बिरगंज म.न.पा. वडा नं. ६ गितामन्दिर रोड, पर्सामा कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्नेछ।

३. बोलपत्र फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कबोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस विकास बैंकको सण्ड्री क्रेडिटर्स खातामा वा विकास बैंकको नाममा जारी गरिएको क, ख वा ग वर्गको बैंक वा वित्तीय संस्थाबाट जारी गुडफर पेमेन्ट चेक वा बैंक ड्राफ्टको सक्कल बोलपत्र साथ पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३५ (पैंतिस) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफ्नो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी लिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ।

४. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।

५. लिलाम बिक्री हुने सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ। बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन।

६. बोलपत्र खोल्नका लागि आमन्त्रित प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।

७. कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ।

८. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असोज २० गते मंगलबार दिउँसो ४:०० बजे सम्म

शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३ असोज २१ गते बुधबार दिउँसो ४:०० बजे देखि (८ औं दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन)

बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, गितामन्दिर रोड, वीरगंज ६, पर्सा।

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यालय : गीता मन्दिर रोड, वीरगंज, पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय : बसपार्क (बाईपास)-वीरगंज, टेङ्गरोड-पोर्जी (पर्सा)-(जीतपुर), बरहथवा (सर्लाही), बर्दिबास (महोत्तरी)

आरविवि म्युचुअल फण्ड

RBB MUTUAL FUND

अन्तर्गत संचालित

आरविवि फोकस ४० (RBB FOCUS 40)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक कोष नियमावली, २०६७ बमोजिम (नेपाल धितोपत्र बोर्डबाट २०८२/०४/२३ मा योजना संचालन अनुमति प्राप्त) २०८२/०७/२६ देखि २०९४/०७/२५ सम्म अवधि भएको १२ वर्षे योजना

२०८३ भाद्र मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त (रु.)	गत मासिक मसान्त (रु.)
क.	**धितोपत्रमा तथा अन्य लगानी**	सम्पत्ति मूल्य (रु.)	सम्पत्ति मूल्य (रु.)
१	सूचीकृत शेयर	१,०३३,०८५,१४४।८०	१,०४६,२३२,७५७।००
२	बैंक मुद्दती निक्षेप	-	-
३	ऋणपत्र / बन्ड	८,३१४,१४१।००	८,१५५,१८०।००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१८६,३१८।४१	१,४९३,२३१।३१
	जम्मा (क)	**१,०४१,५८६,६०३।२१**	**१,०५४,८८९,१६८।५१**
ख.	**चालु सम्पत्ति**	सम्पत्ति मूल्य (रु.)	सम्पत्ति मूल्य (रु.)
१	बैंक मौज्दात	२०६,५५९,६२८।७१	२०५,३५३,७७८।४७
२	अन्य सम्पत्ति	४,१८३,२०१।६०	८२३,७९८।११
	जम्मा (ख)	**२१०,७४२,८३०।३१**	**२०६,१७७,५७६।५८**
ग.	**चालु दायित्व**	सम्पत्ति मूल्य (रु.)	सम्पत्ति मूल्य (रु.)
१	अन्य दायित्व	१७१,४२७।४९	१६४,३३८।००
	जम्मा (ग)	**१७१,४२७।४९**	**१६४,३३८।००**
	कुल सम्पत्ति (क+ख-ग)	**१,२५२,११७,००६।०३**	**१,२६०,९७४,८०७।०९**
१	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३,६२५,६०४।६०	१,८२०,५५३।१३
२	कोष सुपरिवेक्षक शुल्क	११३,०३१।०६	११५,२१८।७७
	खुद सम्पत्ति	**१,२४८,३७८,४००।२९**	**१,२५८,५७९,६३३।१९**
	जम्मा इकाई	**१२५,०००,०००।००**	**१२५,०००,०००।००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**९।९८**	**१०।०७**

२०८३ भाद्र मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त (रु.)	गत मासिक मसान्त (रु.)
क	**आय**		
१	प्राप्त भइसकेको आम्दानी	९,८५२,४२६।२७	७,८९६,९९८।२७
२	प्राप्त भइनसकेको आम्दानी	(१,४७८,६२९।३१)	२,२०८,५७३।६६
	जम्मा आम्दानी	**८,३७३,७९६।९६**	**१०,१०५,५७२।०३**
ख	**खर्च**		
१	संचालन खर्च	७२,१२६।०३	४१,५५३।०१
२	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३,६२५,६०४।६८	१,८२०,५५३।१३
३	कोष सुपरिवेक्षक शुल्क	१८८,८३१।०६	१६५,२१८।७७
	जम्मा खर्च	**३,८९५,०४१।७७**	**२,०२६,३१४।९१**
	कुल नाफा / (नोक्सान)	**४,४७८,०२५।१९**	**८,०७९,२६०।१२**

नोट:
- सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्याङ्कन नीति बमोजिम योजनाको लगानी मूल्याङ्कन गरिएको छ।
- योजनाको २०८३ भाद्र मसान्तसम्मको सूचीकृत तथा सूचीकृत नभएको सेयर, डिबेन्चरमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.१,०४४,२४०,६५३.४९ रहेको छ।
- योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाईट www.rbbmbl.com.np मार्फत जानकारी गरिनेछ।
- अपरिस्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरे बमोजिम परिवर्तन हुनेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण